जि.प्र.का. सप्तरी द.नं. १९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक २४८ | २०७८ साल बैशाख २३ गते बिहीबार (6 May 2021 Thursday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : थप कडाइ गर्नेगरी ... ३ पृष्ठमा : माओवादीद्वारा समर्थन ... ३ पृष्ठमा :भारतमा एकै दिन ३ हजार ७ ...

## पुनः ३५ जना संक्रमित थपिएसँगै सप्तरीमा संक्रमितको संख्या २ सय २७

**दैनिक समाचारदाता राजविराज, २२ बैशाख ।** सप्तरीमा कोरोना संक्रमितको संख्या बढ्दै गएको छ। दिनहुँ ३०/३५ जना संक्रमित भइरहेका छन् ।

यसैबीच बुधवार थप ३५ जना संक्रमितको पुष्टि भएको छ । ५७ जनाको पिसिआर परिक्षण गर्दा ३५ जना संक्रमितको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । योसँगै सप्तरीमा सक्रिय संक्रमितको संख्या २ सय २७ पुगेको छ ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको प्रयोगशालामा गरिएको परिक्षणको रिपोर्ट अनुसार राजविराज नगरपालिकाका विभिन्न वडाका १६ जना संक्रमित भएका छन् ।

संक्रमित हुनेहरुमा वडा नं २ की ६४ वर्षीया महिला, ३ का १६ र २५ वर्षीय पुरुष तथा ६८ र २४ वर्षीया महिला, ४ का ३१ वर्षीय पुरुष, ७ की ५२ वर्षीया महिला तथा ६२ र ४८ वर्षीय पुरुष, ८ का २७ वर्षीय पुरुष, ६ की ५५ र ७४ वर्षीया महिला, ५ का ४०, ४२ र ५२ वर्षीय पुरुष तथा १६ का ५२ वर्षीय पुरुष छन् ।

यसैगरी सुरुङ्गा नगरपालिका १ का ८ र ३४ वर्षीय पुरुष, शम्भुनाथ नगरपालिका-१२ का २२ र ३८ वर्षीय पुरुष, छिन्नमस्ता गाउँपालिका-१ की ३२ वर्षीया महिला, ३ की ४४ वर्षीया महिला, ४ का ४५ वर्षीय पुरुष, हनुमाननगर कंकालिनी नगरपालिका-३ का ७५ वर्षीय पुरुष, ५ की ३४ वर्षीया महिला र ५७ वर्षीय पुरुषमा संक्रमण पुष्टि भएको छ ।

यस्तै राजगढ गाउँपालिका-५ की ५० वर्षीया महिला, डाकनेश्वरी नगरपालिका-६ का ७१ वर्षीय पुरुष, ८ का २६ वर्षीय पुरुष, अग्निसाइर कृष्णासवरण गाउँपालिका-३ का ४८ वर्षीय पुरुष, तिलाठी कोइलाडी गाउँपालिका-६ का ५५ वर्षीय पुरुष, विष्णुपुर गाउँपालिका-१ का १८ वर्षीय पुरुष, ५ का २० वर्षीय पुरुष र कञ्चनरुप नगरपालिका-७ का ६० वर्षीय पुरुषमा संक्रमण पुष्टि भएको छ ।

## ५८ जनाको मृत्यु, ८ हजार ६ सय ५९ जना संक्रमित

**दैनिक समाचारदाता राजविराज, २२ बैशाख ।** नेपालमा पछिल्लो २४ घण्टामा ५८ जनाको मृत्यु भएको छ भने ८ हजार ६ सय ५९ जनामा संक्रमित भएका छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २० हजार ७५६ जनाको पीसीआर परीक्षणमा ८,६०५ र ६१६ एन्टिजेन परीक्षणमा ५४ जना गरी ८,६५९ जनामा संक्रमण पुष्टि भएको हो ।

योसँगै नेपालमा हालसम्म कोरोना भाइरस संक्रमितको संख्या ३ लाख ५९ हजार ६१० रहेको छ । बुधबारसम्म कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या ६६ हजार ३५२ पुगेको छ । जसमध्ये ४७६४ जना संस्थागत आइसोलेसनमा र ६१ हजार ५८८ जना होम आइसोलेसनमा रहेका छन् ।

पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणमुक्त हुनेको संख्या १,९९३ रहेको छ । हालसम्म देशभर २ लाख ८९ हजार ७८३ जना संक्रमणमुक्त भएका छन् । कोरोना संक्रमणबाट हालसम्म नेपालमा ३,४७५ जनाको मृत्यु भएको छ ।

यता सबैभन्दा धेरै काठमाडौंमा २ हजार ८४९, रुपन्देहीमा ६८०, बाँकेमा ५९१, ललितपुरमा ५१८ र भक्तपुरमा ४५८ जना कोरोना संक्रमित भेटिएका हुन् । यस्तै कास्कीमा २८४, झापामा २६९, चितवनमा २१३, मोरङमा २०६, सुर्खेतमा १५४, पर्सामा १५२, धनुषामा १४७ र कैलालीमा १४५ जना कोरोना संक्रमित थपिएका छन् ।

यस्तै कैलालीमा १४५, कञ्चनपुरमा १४०, पाल्पा ११५, नुवाकोटमा ११२, सुनसरीमा १०७, मकवानपुरमा १०५, काभ्रेपलाञ्चोकमा ९६ र तनहुँमा ६३ जनामा कोरोना संक्रमित थपिएका छन् ।

यस्तै महोत्तरी र सिन्धुलीमा ५५/५५ जना, धादिङमा ५४, बर्दियामा ४७, बारामा ४६, नवलपरासी पशचिम र बैतडीमा ४४/ ४४ जना, डोटीमा ४०,

*बाँकी तीन पृष्ठमा*

## थप एक जना संक्रमितको मृत्यु

**दैनिक समाचारदाता राजविराज, २२ बैशाख ।** सप्तरीमा थप एक जना कोरोना संक्रमितको उपचारका क्रममा बुधबार मृत्यु भएको छ ।

विराटनगरस्थित कोशी अञ्चल अस्पतालको कोभिड अस्पतालमा उपचारर्थ जिल्लाको छिन्नमस्ता गाउँपालिका वार्ड नम्बर ४ का ३७ वर्षीय पुरुषको मृत्यु भएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

दुई दिन अगाडी विरामी परेपछि उनलाई उपचारको लागि सो अस्पतलामा भर्ना गरिएको थियो । सोही क्रममा परिक्षण गर्दा मंगलबार कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताए ।

यससँगै सप्तरी जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ४७ पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै मंगलबार एक शिक्षकसहित थप दुई जनाको कोरोना संक्रमणबाट मृत्यु भएको थियो ।




विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# सुनसरीमा पूर्ण निषेधाज्ञा जारी

सुनसरी, २२ वैशाख (रासस)।

जिल्ला प्रशासन कार्यालय सुनसरीले जिल्लामा मंगलबार रातिदेखि लागू हुने गरी पूर्ण निषेधाज्ञा जारी गरेको छ। सुनसरी सदरमुकाम इनरुवामा मङ्गलबार सम्पन्न भएको डिसीसीएमसीको बैठकले जिल्लामा गए रातिदेखि यही वैशाख ३१ गते मध्यरातिसम्म पूर्ण निषेधाज्ञा लागू गर्ने निर्णयानुसार निषेधाज्ञा जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी महेशकुमार पोखरेलले जानकारी दिनुभयो।

जिल्लामा कोरोना सङ्क्रमितको दर बढ्दो क्रममा रहेकाले चेन ब्रेक गर्न पूर्ण निषेधाज्ञा गरिएको उहाँले जानकारी दिनुभयो। पूर्ण निषेधाज्ञा जारी गरेसँगै सुनसरीमा यसअघि सवारी साधनको हकमा कायम गरिएको जोर, बिजोर प्रणालीसमेत हटाइएको उहाँले बताउनुभयो। अत्यावश्यक सेवाबाहेक अन्य सवारीका साधन सञ्चालनमा रोक लगाउने निर्णय गरिएको सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले बताउनुभयो।

अत्यावश्यकको सूचीमा राखेका सवारी साधनमा एम्बुलेन्स, खानेपानी, इन्धन, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य वस्तु बोकेका सवारी सञ्चालन गर्न दिइनेछ। निषेधाज्ञालाई कडाइ गर्न सुरक्षा निकायलाई निर्देशन दिइएको उल्लेख गर्दै उहाँले यसको उल्लङ्घन गरेको पाइएमा सङ्क्रामक रोग निवारण ऐन, २०२० अनुसार कारवाही गर्ने बताउनुभयो।

# थप कडाइ गर्नेगरी उपत्यकामा एक साता निषेधाज्ञा थप

काठमाडौँ, २२ वैशाख (रासस)।

कोभिड-१९ सङ्क्रमण जोखिम बढ्दो क्रममा रहेकाले काठमाडौँ उपत्यकामा थप कडाइ गर्नेगरी निषेधको आदेश एक साता थप गर्ने निर्णय गरिएको छ। यसअघि वैशाख १६ देखि २२ ( बुधबार राति १२ बजे) सम्मका लागि निषेधको आदेश जारी भएकामा बुधबार उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारीको बैठकले थप कडाइ गर्दै निषेधको आदेश एक साता थप्ने निर्णय गरेको हो।

काठमाडौँका प्रजिअ कालीप्रसाद पराजुलीले केही कडाइ गर्ने गरी वैशाख २९ गते राति १२ बजेसम्मका लागि उक्त आदेश थप गरिएको जानकारी दिनुभयो। यसअघिको आदेशमा खाद्यान्नलगायत अत्यावश्यक सामग्री खरीदबिक्रीका लागि बिहान र बेलुका समय तोकेर खुला गरिएकामा अब थपिएका समयमा भने बिहान ९ बजेसम्म मात्रै सञ्चालन गर्न पाइने छ।

नेपालमा नयाँ भेरियन्टको कोभिड-१९ सङ्क्रमण फैलिएको र त्यसको प्रभाव उपत्यकामा बढ्दो रहेकाले अझै सुरक्षा निगरानी बढाउनुपर्ने आवश्यकता महसुस गरी केही कडाइ गरिएको जनाइएको छ। यसपालिको निषेधाज्ञाको कार्यान्वयन तह फितलो भएको गुनासो बढिरहेको छ।

सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रजिअले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिएको छ। सोही अधिकार प्रयोग गरी बुधबार जारी आदेशानुसार फुटपाथ, खुला ठाउँ, ठेलागाडा वा साइकलमा सञ्चालन हुने व्यापार/व्यवसाय एवं कवाडी सङ्कलनमा समेत रोक लगाइएको छ। यसअघि यस्ता पसल निर्बाध रुपमा सञ्चालन भएको थियो। आदेशमा उपत्यका बाहिर जानका लागि सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा १० दिनको क्वारेन्टिनमा राख्ने प्रतिबद्धतासहितको सिफारिशका आधारमा गन्तव्यस्थलमा जान दिने भनिएको छ।

सूचना विभागको पास नभएका पत्रकारको विवरण जिल्ला प्रशासन कार्यालयमा बुझाएर मात्रै काममा खटिने व्यवस्था गरिएको छ।

**सभासम्मेलन**

आदेशमा सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लब, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, हेल्थ क्लब, फुटसल, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना, दर्शकसहितको खेलकूद सञ्चालन गर्न पाइने छैन।

यस्तै मानिसको भीडभाड हुने सबै प्रकारका कार्यक्रमसमेत सञ्चालन गर्न नपाइने काठमाडौँ प्रशासनले जनाएको छ।

**आवतजावत**

सर्वसाधारणले औषधि, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरीदका लागि तथा अत्यावश्यक सेवा लिनुपर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्किन पाउने छैन। अत्यावश्यक काममा निस्किँदा पनि दुई व्यक्तिबीच कम्तीमा दुई मिटरको दूरी कायम गर्नुपर्ने छ। अनिवार्य रुपमा मास्कको प्रयोग गर्न, पटकपटक साबुन पानीले हात धुन र सेनिटाइजरको प्रयोग गर्न आदेशमा भनिएको छ।

**सवारी साधन सञ्चालन**

सार्वजनिक एवं निजी सवारी साधन वैशाख २९ गते राति १२ बजेसम्म उपत्यकामा सञ्चालनमा रोक लगाइएको छ। अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा (बढीमा दुई) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीले प्रयोग गर्ने सवारी साधनबाहेक अन्य सवारी साधन उपत्यका प्रवेशमा रोक लगाइएको छ।

अत्यावश्यक सेवा एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, सोको पोका, कुखुराको दाना, चल्ला, मासुजन्य पदार्थ, इन्धन, खाना पकाउने ग्यास, दूरसञ्चार इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, फोहरमैला व्यवस्थापन सरसफाइमा प्रयोग हुने साबुन, स्यानिटाइजर, कुरियर तथा डाँक सेवा, प्रिन्ट तथा सरकारी छापाखानालगायत ढुवानी तथा यातायातका साधन विषय उल्लेख गरी सञ्चालन गर्न पाइने छ।

अत्यावश्यक सेवाबाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्था, बीमालगायत कार्यालयले एक चौथाइ कर्मचारी उपस्थित हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउन भनिएको छ। सरकारी कार्यालयका हकमा मन्त्रालयका सचिव वा विभागीय प्रमुखद्वारा जारी गरिएको पास र परिचयपत्रका आधारमा आवतजावत गर्न पाइने छ। सार्वजनिक संस्थाका हकमा सम्बन्धित प्रमुखले जारी गरेको पास र परिचयपत्र अनिवार्य हुनुपर्ने छठ। बैंक तथा वित्तीय संस्थाका हकमा काठमाडौँ उपत्यकामा २५ प्रतिशत शाखा कार्यालय मात्र खुला गर्ने र केन्द्रीय कार्यालयले २० प्रतिशतमात्रै जनशक्ति प्रयोग गरी कार्य सञ्चालन गर्नुपर्ने छ।

बैंक तथा वित्तीय संस्थाका सवारी साधन सञ्चालनका हकमा सीमित सवारी पास जारी गरी सोको विवरण नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालयलाई दिन भनिएको छ।

विकासनिर्माणका सम्बन्धमा सम्बन्धित आयोजनाले नै आवासीय कामदार राखी अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरी कार्य सञ्चालन गर्ने गराउने र निर्माण सामग्री ढुवानीमा राति १० बजेदेखि बिहान ४ बजेसम्म मात्र आवतजावत गर्न पाइने छ।

अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाई टिकट, राहदानी र प्रवेशाज्ञा हुनेलाई सीधै विमानस्थल जाने सवारी साधनका हकमा सहजीकरण गरिने छ। यीबाहेकका अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने बिरामी, कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेको हक) मा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा प्रजिअबाट अनुमति पास लिनुपर्ने जनाइएको छ। औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल जुनसुकै समयमा निर्बाध रुपमा सञ्चालन गर्न पाइने छ।

**अत्यावश्यक खाद्य सामग्री**

अत्यावश्यक खाद्य सामग्रीका पसल, व्यवसाय, डिपार्टमेन्टल स्टोर (खाद्य सामग्री बिक्री गर्ने मात्र) भने बिहान ९ बजेसम्म मात्र खुला गर्न पाइने छ। यसअघि बिहान १० बजेसम्म र साँझ ४ देखि ७ बजेसम्म खुला गर्न पाइने व्यवस्था थियो। स्थानीय ढुवानीका हकमा बिहान १० बजेसम्म मात्र सञ्चालन गर्न पाइने छ।

खाद्य सामग्री, ग्रोसरी पसल, औषधि पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

**विवाह ब्रतबन्ध र पूजा**

विवाह व्रतबन्धका हकमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्ड पालना गर्नेगरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्रै आवतजावत गर्न पाइने छ। नित्य पूजाबाहेक सबै धार्मिक, सांस्कृतिक गतिविधि सञ्चालन गर्न पाइने छैन।

**अन्य विविध गतिविधि**

पत्रकार तथा सञ्चारकर्मीलाई सूचना विभागको प्रेस पासका आधारमा आवतजावतमा सहजीकरण गरिने जनाइएको छ। सूचना विभागको प्रेस पास नभएका अवस्थामा सञ्चारगृहले न्यूनतम कर्मचारी मात्र खटाउने र सोको विवरण जिप्रकामा उपलब्ध गराउने गरी कडाइ गरिएको छ। यसअघि पत्रकार परिचयपत्रका आधारमा आवतजावतमा सहजीकरण गरिएको थियो।

नीलो प्लेटका सवारी

*बाँकी तीन पृष्ठमा*


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569






रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# माओवादीद्वारा समर्थन फिर्ता

काठमाडौँ, २२ वैशाख (रासस) ।

नेकपा (माओवादी केन्द्र)ले प्रधानमन्त्री केपी शर्मा ओलीलाई दिएको समर्थन फिर्ता लिएको छ । माओवादीले समर्थन फिर्ता लिइएको व्यहोराको पत्र बुधबार सङ्घीय संसद् सचिवालयलाई दिएको छ ।

माओवादी केन्द्रका प्रमुख सचेतक देवप्रसाद गुरुङले सङ्घीय संसद्का महासचिवलाई समर्थन फिर्ता लिएको पत्र बुझाउनुभएको हो । सो क्रममा संसदीय दलका नेता एवं अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लगायत सांसदको उपस्थिति थियो । “माओवादी केन्द्र सङ्घीय संसदीय दलको निर्णयअनुसार प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई दिएको समर्थन बुधबारकै मितिदेखि लागू हुने गरी फिर्ता लिइएको छ”, अध्यक्ष दाहालद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ ।

नेपालको संविधानको धारा ७६ (२) अन्तर्गत प्रधानमन्त्रीका रूपमा नेकपा (एमाले)का संसदीय दलका नेता केपी शर्मा ओलीलाई माओवादीले २०७४ फागुनमा समर्थन गरेको थियो । विसं २०७५ जेठमा एमाले र माओवादी केन्द्रबीच एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एउटै संसदीय दल बनेको थियो । गत फागुन २३ गते सर्वोच्च अदालतको फैसलाबाट दुई पार्टीबीचको एकता भङ्ग भएको थियो । फैसलापछि पार्टी एकता भङ्ग गरेदेखि नै माओवादीले वर्तमान सरकारलाई आफूहरूको समर्थन नरहेको दोहोऱ्याउँदै आएको भएपनि माओवादीले समर्थन फिर्ता लिने औपचारिक निर्णय गर्न सकेको थिएन ।

सरकारलाई दिएको समर्थन फिर्ता लिन माओवादीलाई चर्को दबाब सिर्जना भएको थियो । त्यसबेला माओवादीले तत्काल समर्थन फिर्ता लिँदा मुलुक झन् राजनीतिक र संवैधानिक सङ्कटमा फस्ने भन्दै उचित समय आएपछि निर्णय लिइने प्रस्टचाउँदै आएको थियो । माओवादीले औपचारिक रूपमा सरकारलाई दिइएको समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री ओली अल्पमतमा पर्नुभएको छ । उहाँको दल एमालेसँग १२१ सांसद रहेका छन् । संसद्मा बहुमत पुग्न १३७ मत आवश्यक पर्छ ।

## ५८ जनाको ...

नवलपरासी पूर्वमा ३९, अर्घाखाँचीमा ३८, दैलेख ३४, सिरहामा ३३, म्यादीमा ३०, रौतहट र गोरखामा २८/२८ जना कोरोना संक्रमित भएका छन् ।

यस्तै अछाममा २३, कपिलवस्तुमा २४, सर्लाहीमा २१, धनकुटामा २०, रसुवा र गुल्मीमा १९/१९ जना, पर्वतमा १८, सप्तरीमा १६, सिन्धुपाल्चोकमा १५, रामेछापमा १३, दोलखा १२, इलाम र सल्यानमा ११/११ जना तथा म्याग्दी र डडेल्धुरामा १०/१० जना कोरोना संक्रमित थपिएका छन् ।

यस्तै संखुवासभामा ९, बागलुङमा ८, उदयपुर र सोलुखुम्बुमा ७/७ जना, ओखलढुंगा, खोटाङ र जुम्लामा ६/६ जना, भोजपुरमा ५, प्युठान र सल्यानमा ४/४ जना, रोल्पा र बझाङमा ३/३ जना, ताप्लेजुङ, तेह्रथुम, मुस्ताङ, रूकुम पुर्व र कालिकोटमा २/२ जना तथा पाँचथर, जाजरकोट र रूकुम पश्चिममा १/१ जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस्तै ९ वर्ष मुनिका २१३ बालबालिकामा कोरोना संक्रमण देखिएको छ भने १० देखि १९ वर्ष मुनिका उमेर समूहका ५२४ जना कोरोना संक्रमित भेटिएका हुन् ।

## थप कडाइ ...

साधनका हकमा भने परिचयवाहक पदाधिकारी र कर्मचारीलाई सवारी पास नपर्ने जनाइएको छ । प्रिन्टिङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी, तथा औषधि आपूर्ति गर्ने परिचयपत्रवाहक व्यक्तिका हकमा सम्बद्ध निकाय तथा आपूर्तिकर्ताको अनुमतिपत्र भए सवारी पास चाहिने छैन ।

फुटपाथ तथा खुला ठाउँमा तथा ठेलागाडा वा साइकलमा सञ्चालन हुने व्यापार व्यवसाय एवं कवाडी सङ्कलनमा भने रोक लगाइएको छ । उपत्यका बाहिर जानका लागि सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा १० दिनको क्वारेन्टिनमा राख्ने प्रतिबद्धतासहितको सिफारिसका आधारमा गन्तव्यस्थलमा जान दिने आदेशमा भनिएको छ । यसअघि जारी भएका सबै पास भने खारेज गरिएको छ ।

सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय मलेठ-९, सप्तरी

मो.न.९८४२९९९९३९, ९८०१५४९६०१

### धितो लिलामी बिक्री सम्बन्धमा

यस जन ज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठ सप्तरीबाट विभिन्न मिति तथा उदेश्यमा त्रिण लिएको ऋणी सदस्यहरुले भाखा म्याद भित्र ऋण रकमको साँवा, सो साँवा को लाग्ने ब्याज तथा हर्जना रकम नबुझाएको हुदा निजहरुलाई पटक पटक लिखित प्रत्राचार गरिसकिएको तत्पश्चात पनि ऋण नबुझई अटेरी गरेको हुदा निज हरुलाई ऋण बुझउन आउन ३५ दिने अन्तिम पटक सुचना जारी गरिएकोमा समेत ऋण को सांवा ब्याज र हर्जना बुझाउन नआएको हुदा बाध्य भई सहकारी ऐन २०७४ को दफा ७९,८३, सहकारी नियमावली२०७५ को दफा ३० र संस्थाको बिनियम २०६८ बमोजिम निजहरुले लेखि दिएको धितो जमानत लिलाम बिकी गरी असुल उपर गरिने भएकोले ईच्छुक व्यक्तिले सुचना प्रकासित मिति देखि ३५ सो दिनका दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन को ४ बजे सम्म सिलवन्दि लिलाम वोल प्रत्र पेश गर्न आहवान गरिन्छ ।लिलाम बढाबढ वोलपत्र पेश गर्दा आफुलेकबुल गरेको ३५औं दिन सम्मको ब्याज र हर्जना जोडि हुन आउने डाक मुल्यको ५ प्रतिशत रकम यस संस्थाको राष्ट्रिय सहकारी बैंक शाखा कार्यालय राजविराज स्थित बचत खाता नं. ०३४३३०००१०१ मा रकम दाखिला गरेको भौचर संलग्न राखनु पर्नेछ । रिक्त नपुगेको ,म्यादनाघी प्राप्त भएको वोलपत्र मान्य हुने छैन ।वोलपत्र ३६ औं दिनका दिन १२ बजे बिभिन्न कार्यालय प्रनिधी हरुको रोहवर मा खोलिनेछ । सबैभन्दा बढि डाक बोल्ने व्यक्तिको नाममा डाक स्वकिृति गरिनेछ र निज ले वोलपत्र खोलेको ७ दिन भित्र पुरै रकम जम्मा गरी जेथा दाखिला खारेज गरि लग्नु पर्नै छ। निजले रकम जम्मा गरेमा निजको धरोटि रकम जफत गरि दोस्रो बढि डाक बोल्ने व्यक्तिको स्वकिृत गर्नेछ यस सम्बंधी बिवरण संस्थाको कार्यालय समयमा आई बुझ्न सकने छ । वोलपत्र डाक आंसिक वा पुरा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ ।

**तपसिल**

| क. स. | ऋणीको नाम, थर | वुवा, पति | बाजे, ससुरा | ठेगाना | मंजुर नामा दिने | ऋणको उदेश्य | ऋणीको फटो | मंजुर नामा दिने को फोटो | धितोको विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | क्षेत्रफल | ठेगाना |
| १ | कल्पना साह | वुवः नन्द प्रसाद बस्नेत पतिः भोला साह | रामेश्वर साह | साविकः रायपुर ८ हालःरुपनी गाँ. पा. १ | भोला साह | बिभिन्न |  | | ०-०-९.१/२ ०-०-१४ | खोक्सर प्रवाहा ३क हालः शम्भुनाथ १ |
| २ | भोला साह | रामेश्वर साह | किसुन साह | रुपनी गाँ. पा. १ | शैल कुमारी साह - शम्भुनाथ ८) वुवा :टिराहु साह बाजे :राजेन्द्र साह तेलि | बिभिन्न | |  | ०-२-० | सखुवा पत्थरगाडा ६ क हालः शम्मुनाथ ४ |
| ३ | अनिता कुमारी सुतिहार | बिन्देश्वर बरहि | जग नारायण बरही | बसविट्टी | बिन्देश्वर बरही | बिभिन्न |  | | ०-०-५ | साविकः राजविराज ५ क हाल : राजविराज ८ |

**पुनश्चः**
लिलामि मिति : २०७८।०२।२७
स्थान : जन ज्योति कृपि सहकारी संस्था राजविराज ९, मलेठ सप्तरी
समय : विहान १० बजे देखि ५बजे सम्म

## विश्व समाचार

### भारतमा एकै दिन ३ हजार ७ सय ८० को मृत्यु, तीन लाख ८२ हजार संक्रमित

नयाँ दिल्ली, २२ बैशाख (रासस-एएनआई) ।

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट नराम्रोसँग प्रभावित भारतमा पछिल्लो २४ घण्टामा तीन हजार ७८० जनाको मृत्यु भएको छ । बुधबार बिहान सार्वजनिक विवरणमा भारतमा कोभिड-१९ बाट कूल संक्रमितको संख्या दुई करोड सात लाख पुगेको उल्लेख छ ।

गत मे १ तारिखमा चार लाख कोभिड-१९ संक्रमित देखिए पनि पछिल्ला दुई दिनमा यो संख्यामा केही कमी आएको देखिएको केन्द्रीय परिवार कल्याण मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा कोभिड-१९ बाट संक्रमितको संख्या तीन लाख ५७ हजार रहेको भेटिएको छ ।

सरकारी विवरणमा कोभिड-१९ बाट हाल ३४ लाख ८७ हजार व्यक्ति संक्रमित अवस्थामा रहेका छन् । साथै पछिल्लो २४ घण्टामा तीन लाख ३८ हजार व्यक्ति संक्रमणमुक्त भएका छन् । योसहित भारतमा हालसम्म एक करोड ७० लाख व्यक्ति संक्रमणमुक्त भएका छन् । कोरोनाभाइरस संक्रमणबाट हालसम्म भारतमा दुई लाख २६ हजार १८८ जनाको ज्यान गइसकेको छ ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार देशभर २९ करोड ४८ लाख ५२ हजार नमूना परीक्षण गरिएको छ । मङ्गलबार एकै दिन १५ लाख ४१ हजार नमूना परीक्षण गरिएको पनि परिषदले जनाएको छ ।

कोभिड-१९ संक्रमितको दैनिक मृत्यु बढेसँगै भारत सरकारले कोभिड-१९ को खोप अभियानलाई पनि तिब्र बनाएको छ । स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार हालसम्म १६ करोड पाँच लाख व्यक्तिलाई खोप दिइसकिएको छ ।

कोभिड-१९ को तिब्र संक्रमण र मृत्युका कारण भारतको स्वास्थ्य पूर्वाधारमा ठूलो चाप देखिएको छ भने अग्रपंक्तिमा रहेर काम गर्नुपर्ने स्वास्थ्यकर्मीहरुमाथि ठूलो चुनौती देखा परेको छ । नयाँ दिल्ली र मुम्बई जस्ता ठूला शहरमा कोभिड-१९ का बिरामीका लागि अति आवश्यक अक्सिजनको आपूर्ति सहज हुन नसकेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् ।

भारतमै सर्वाधिक असर देखिएको नयाँ दिल्लीमा पछिल्लो २४ घण्टामा झण्डै २० हजार नयाँ कोभिड संक्रमित देखिएका छन् भने ३३८ जनाको मृत्यु भएको छ । नयाँ दिल्लीमा हालसम्म कोभिड-१९ बाट सात हजार ७५२ जनाको ज्यान गइसकेको छ ।

### भारतमा पेट्रोल, डिजेलको मूल्यवृद्धि

नयाँ दिल्ली, २२ बैशाख (रासस-पिटिआई) ।

भारतमा पेट्रोल र डिजेलको बुधबार पुनः मूल्यवृद्धि भएको छ । मङ्गलबार पनि यी दुई पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको थियो ।

बुधबार पेट्रोलको मूल्य प्रतिलिटर भारु १९ पैसा र डिजेलको मूल्य भारु २१ पैसा वृद्धि भएको छ । राजधानी नयाँ दिल्लीमा पेट्रोल प्रतिलिटर भारु ९०.७४ कायम भएको छ भने डिजेलको मूल्य भारु ८१.१२ रहेको छ ।

भारतीय तेल कम्पनीहरुले मङ्गलबार पनि पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेका थिए । मङ्गलबार प्रतिलिटर पेट्रोलमा ६७ पैसा र डिजेलमा १८ पैसा वृद्धि भएको थियो ।

सरकारी स्वामित्वका इन्डियन आयल कर्पोरेसन, बिपिसिएल र एचपिसिएलले गत वर्षको मार्च यता पेट्रोलमा प्रतिलिटर भारु २१.५८ र डिजेलमा भारु १९.१८ ले वृद्धि गरिसकेका छन् ।

### ममता बनर्जीले लिनुभयो मुख्यमन्त्रीको शपथ

कोलकाता, २२ बैशाख (रासस-पिटिआई) ।

भारतको पश्चिम बंगाल राज्यको मुख्यमन्त्रीमा नियुक्त हुनुभएकी त्रिणमुल कङ्ग्रेस पार्टीकी अध्यक्ष ममता बनर्जीले बुधबार मुख्यमन्त्री पदको शपथ लिनु भएको छ । उहाँ लगातार तेस्रो कार्यकालका लागि मुख्यमन्त्री हुनु भएको हो ।

मुख्यमन्त्री पदको शपथ लिएपछि सम्बोधन गर्दै बनर्जीले हालै सम्पन्न चुनावपछि राज्यमा भएका हिंसामा संलग्नमाथि कडा कारबाही गरिने बताउनुभयो । बनर्जी पश्चिम बंगालको एक्काइसौं मुख्यमन्त्री हुनुहुन्छ ।

मुख्यमन्त्रीको हेस्टिङ्स कार्यालयमा शपथ ग्रहण कार्यक्रम चलिरहँदा बाहिर सडकमा मुख्य विपक्षी भारतीय जनता पार्टीका कार्यकर्ताले विरोध प्रदर्शन गरेका थिए । उनीहरुले आफ्ना दर्जनौं कार्यकर्ताको मुख्यमन्त्री बनर्जीको पार्टीका समर्थकले हत्या गरेको आरोप लगाएका थिए ।

तथापी, शपथ कार्यक्रममा भाजपाका अध्यक्ष जेपी नड्डा र राज्यका पार्टी प्रमुख दिलीप घोष सहभागी हुनु भएको थियो ।

मुख्यमन्त्री बनर्जीले कोभिड-१९ संक्रमणलाई नियन्त्रणमा ल्याउन आफूले उच्च प्राथमिकता दिने बताउनुभयो । साथै उहाँले राज्यमा शान्ति र अमनचयन कायम गर्न सबै पक्षसँग आग्रह पनि गर्नुभयो ।

पश्चिम बंगालमा हालै सम्पन्न विधानसभा निर्वाचनमा बनर्जीको त्रिणमुल कङ्ग्रेसले प्रचण्ड बहुमत हासिल गरेको थियो भने भारतीय जनता पार्टीले दोस्रो स्थान हासिल गरेको थियो । तर नन्दीग्रामबाट चुनाव लड्नु भएकी बनर्जी भने भाजपाका उम्मेदवार शुभेन्दु अधिकारीसँग पराजित हुनु भएको थियो ।

पार्टीले बहुमत हासिल गरेपछि तेस्रो पटक मुख्यमन्त्री बन्नु भएकी बनर्जीले संविधान बमोजिम छ महिनाभित्र विधानसभाको सदस्य हुनु पर्नेछ ।

# महासंघलाई मास्क र पिपिई प्रदान




**दैनिक समाचारदाता राजविराज, २२ बैशाख ।**
दोश्रो लहरको कोराना भाइरसको संक्रमणबाट जोगिन एक संस्थाले बुधवार नेपाल पत्रकार महासंघ सप्तरी शाखालाई केही थान मास्क र पिपिई उपलब्ध गराएको छ ।
इश्लामिक डेभलेपमेन्ट बैंकको आर्थिक सहयोग तथा मुदी मोहरम कल्याणकारी ट्रष्ट राजविराज ४ को समन्वयमा सो सामाग्रि प्रदान गरिएको हो ।
संस्थाका उपाध्यक्ष इर्साद अंसारीले १० थान पिपिई र १४ थान केएन ९५ मास्क महासंघका शाखा अध्यक्ष श्रवणकुमार देवलाई हस्तान्तरण गरेका हुन् ।
जनतालाई सुसूचित बनाउने दायित्वमा रहेका पत्रकारहरुको वर्तमान जोखिमपुर्ण अवस्थालाई मध्यनजर गर्दै रिपोर्टिङ गर्न सहज हुने उद्देश्यले ट्रष्टले सके जति गरेको सहयोगले पत्रकारलाई सहज हुने विश्वास काँग्रेसका यूवा नेता समेत रहेका उपाध्यक्ष अंसारीले व्यक्त गरे ।
यता मास्क र पिपिई सहयोग गर्नु हुने ट्रष्ट परिवारलाई शाखा अध्यक्ष देवले धन्यवाद ज्ञापन गरे ।

# सिरहामा आंशिक निषेधाज्ञा

लहान, २२ वैशाख (रासस) ।
कोभिड-१९ को सङ्क्रमण बढ्दै जाँदा सिरहामा पनि आंशिक निषेधाज्ञा जारी गरिएको छ । जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समिति (डिसीसीएमसी) को बैठकले वैशाख २३ गते बिहान ६ बजेदेखि सिरहा जिल्लाभरि आंशिक निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो ।
वैशाख २३ गतेदेखि भाडाका यात्रुवाहक तथा परिचयपत्रधारी कर्मचारीबाहेकको निजी सवारी साधन गते अनुसार जोर-बिजोरमा मात्र चल्ने निर्णय गरेको छ । यस्तै खाद्यान्न, फलफूल र तरकारी पसल बिहान ६ बजे अपराह्न ५ बजेसम्म मात्र सञ्चालन हुने निर्णय गरेको छ ।
सैलुन र जिमखाना सञ्चालन गर्न नदिने निर्णय पनि बैठकले गरेको छ भने पूर्वनिर्धारित विवाह स्थानीय तहको अनुमति लिएर मात्र २५ जनाको सहभागितामा स्वास्थ्य मापदण्ड पालना गरेर गर्नुपर्ने निर्णय भएको डिसीसीएमसी सिरहाका संयोजक तथा सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेँलले जानकारी दिनुभयो । यस्तै भारतसँग जोडिएका जिल्लाका सबै नाका बन्द गरिएकाले यसलाई कडाइका साथ कार्यान्वयन गरिने निर्णय भएको जनाएको छ ।
सिरहामा मङ्गलबार एकैदिन ४३ नयाँ सङ्क्रमित थपिएका छन् । योसँगै जिल्लामा कोरोना सङ्क्रमितको सङ्ख्या १२९ पुगेको छ भने चार जनाको मृत्यु भइसकेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

# महोत्तरीमा पनि निषेधाज्ञा

जलेश्वर, २२ वैशाख (रासस) ।
महोत्तरी जिल्लामा कोरोना महामारीको दोस्रो लहर चलिरहेको बेला सङ्क्रमण दरमा अत्यधिक वृद्धि हुनुका साथै आठ व्यक्तिको मृत्युसमेत भइसकेको अवस्थालाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले बुधबारदेखि जिल्लाभर निषेधाज्ञा जारी गरेको छ ।
जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन समितिले जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाभरि नै लागू हुनेगरी वैशाख २२ गते बिहान ६ बजेदेखि वैशाख ३१ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गर्ने निर्णय गरेअनुसार निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराईले बताउनुभयो ।
बुधबारदेखि जिल्लाका प्रत्येक गाउँ शहरमा अत्यावश्यक दैनिक उपभोग्य वस्तु खाद्यान्न, तरकारी, फलफूल, दूध खरिदका लागि बिहान ६ बजेदेखि १० बजेसम्म र बेलुका ४ बजेदेखि ७ बजेसम्मका लागि पसल बजार खोल्ने र बाँकी समय पूर्णरुपले निषेधाज्ञा रहने प्रजिअ भट्टराईले बताउनुभयो । यसका साथै औषधि पसल, पेट्रोलपम्प र अस्पताल, क्लिनिक र स्वास्थ्य संस्था २४सै घण्टा खुला रहने जनाइएको छ ।
जिल्लाका १५ वटै पालिकालाई २० शय्याको अक्सिजनसहितको आइसोलेशन सञ्चालन गर्ने, आवश्यक स्वास्थ्य सामग्री खरिद गर्ने, सबै अस्पताल सञ्चालन गर्ने, कार्यालय तथा व्यापार व्यवसाय सञ्चालन गर्दा स्वास्थ्यका सबै मापदण्ड पूरा गर्ने, सङ्कटको बेला उपभोक्तालाई अनावश्यक ठगीबाट बचाउने, कालोबाजारी रोक्नेजस्ता निर्देशनसमेत जारी गरेको छ । निर्णयको पालना नगर्नेलाई सङ्क्रामक ऐन, २०२० र स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कानूनी कारवाहीसमेत गरिने निर्णयमा उल्लेख छ ।

# कैद र जरिवाना फैसला भएर फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता राजविराज, २२ बैशाख ।**
कुटपिट अंगभंग तथा रहजनी मुद्दामा जिल्ला अदालत सप्तरीबाट कैद र जरिवाना फैसला भएको दिनबाटै फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं ६ बस्ने २९ वर्षिय दिपककुमार राम छन् ।
सप्तरीको साविक बिषहरिया गाविस वडा नं ३ हाल राजविराज वडा नं १२ बस्ने ४० वर्षिय को अशोक कुमार यादवको जाहेरीले वादी कुटपिट अंगभंग तथा रहजनी चोरी समेत मुद्दामा जिल्ला अदालतले २०७५ माघ १७ गते



२ वर्ष कैद र १ लाख १ सय रुपैया जरिवाना गरेको थियो ।
प्रहरी टोलीले रामलाई पक्राउ गरी सप्तरी जिल्ला अदालतमा उपस्थित गराएर सजाय भुक्तानको लागी राजविराज कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।





तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np